# प्राथमिक विद्यालयमा सरकारी लगानी र शैक्षिक दक्षता

ठाकुरप्रसाद रसाइली
उप प्राध्यापक
कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा, नेपाल
email: thakur.rasaily123@gmail.com

## लेखसार

*यस अध्ययनको मुख्य उद्देश्य प्राथमिक विद्यालय शिक्षाको दक्षतामा सरकारी लगानीको प्रभावलाई विश्लेषण गर्नु रहेको छ । यस प्रयोजनका लागि मिश्रित ढाँचामा रही उद्देश्यमूलक नमुना विधिबाट छनोट गरिएका ती प्राथमिक विद्यालयहरूका प्रधानाध्यापकहरूसँग प्रश्नावली र अवलोकन साधन प्रयोग मार्फत सूचना तथा परिमाणात्मक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । नेपालको प्राथमिक विद्यालय शिक्षामा शिक्षा बजेटको आधाभन्दा बढी सरकारी रकम लगानी गरिँदै आएको अवस्थामा कनकाई नगरपालिकामा सञ्चालन हुँदै आएका प्राथमिक विद्यालयहरूको आन्तरिक शैक्षिक दक्षता के कस्तो छ भन्ने कुराहरूमा केन्द्रित यस अध्ययनको निष्कर्षअनुसार दक्षता वृद्धिमा लगानीको उपयोग न्यून हुने गरेको देखिएको छ । मूल रूपमा अध्ययन विद्यालयको सेवा क्षेत्रका प्राथमिक विद्यालय उमेर समूहका बालबालिकाहरूको न्यून भर्ना सङ्ख्या रही त्यसलाई वृद्धि गर्न नसकेको र शैक्षिक क्षतिको दर पनि ६० प्रतिशतसम्म रहेको पाइएको छ । विद्यालयहरूले विगत तीन वर्ष (२०१८-२०२०) बिचमा प्राप्त गरेको अनुदान रकम मध्ये ५.५ देखि ३४.९ प्रतिशतसम्म भौतिक संरचना तथा सामग्रीहरूमा खर्च गरेको पाइयो । भौतिक सुविधाहरू पर्याप्त हुँदा पनि तिनीहरूको उपयोग गर्ने विद्यार्थी सङ्ख्या न्यून रहेको देखिएको छ । विद्यालयको कक्षा छाड्ने दर ६० प्रतिशतसम्म पाइएको छ । शैक्षिक क्षतिको दर बढी भएका कारण प्राथमिक तह पूरा गर्ने दरमा पनि कमी देखिएको छ । विद्यालय तहमा अनुदान रकमको न्यून उपयोग भएको पाइएको हुँदा त्यसको उपयोगितामा वृद्धि गरी दक्षता बढाउनु पर्ने देखिन्छ । त्यस्तै विद्यार्थी भर्ना सङ्ख्या कम हुनुका कारणहरूको खोजी गरी त्यसलाई सही रूपमा सम्बोधन गर्ने खालका योजना तथा कार्यक्रमहरू अभिभावकहरूको सहभागितामा सञ्चालन गर्नुपर्ने देखिन्छ । विद्यार्थीको मातृभाषाका शब्द, वाक्यगठन, व्याकरण, लिपि आदिसँग सहसम्बन्ध राख्तै अङ्ग्रेजी माध्यमको पठनपाठनको व्यवस्था गरी त्यसलाई उपलब्धिमूलक रूपमा सञ्चालन गर्न सकेमा विद्यार्थी भर्ना सङ्ख्या बढ्नुका साथै शैक्षिक क्षतिसमेत न्यूनीकरण गर्न सकिने देखिन्छ ।*

**मुख्य शब्दावली:** प्रतिफल दर, प्राथमिक विद्यालय, लागतलाभ विश्लेषण, शैक्षिक लगानी, शैक्षिक दक्षता, शैक्षिक क्षति, सरकारी लगानी

## परिचय

विश्वका सम्पन्न राष्ट्रहरूले विकासको उच्च स्थान प्राप्त गर्ने एउटै कारण शिक्षाको उच्च लगानी हो । शिक्षामा गरिएको लगानीलाई शैक्षिक लगानी भनिन्छ । शैक्षिक लगानी भन्नाले विभिन्न स्थानबाट

स्रोत जुटाई शैक्षिक लक्ष्य प्राप्त गर्नका लागि गरिने योजनावद्ध खर्च बुझिन्छ । शिक्षा खर्चको चाँजोपाँजो मिलाउने र समुचित बाँडफाँड गर्ने नियमित प्रक्रियालाई शैक्षिक लगानी भन्न सकिन्छ । घर, परिवार, समुदाय र सरकार वा राष्ट्रले शिक्षामा लगानी गरेका हुन्छन् । शिक्षामा गरिने लगानीलाई मानव संशाधनको विकासको निम्ति गरिएको दीर्घकालीन लगानीको रूपमा लिइन्छ । सरकारले शिक्षामा विभिन्न स्वरूपमा प्रदान गर्दै आएको अनुदान रकमलाई सरकारी लगानी भनिएको छ । शिक्षामा सरकारी लगानी एउटा यस्तो प्रक्रिया हो जसले सामाजिक लाभको सिद्धान्तको आधारमा योग्य जनशक्ति तयार गरी राष्ट्र निर्माणमा सहयोग पऱ्याउने कुरालाई इंगित गर्दछ । शिक्षा क्षेत्रमा गरिने लगानीको प्रकृति, आकार, वितरण एवम् दक्षताले शिक्षाको प्रर्वधन तथा विकासमा महत्वपूर्ण भूमिका खेल्दछ ।

दक्षता भन्ने शब्दले साधन र उत्पादनबिचको सम्बन्धलाई व्याख्या गर्दछ । आन्तरिक दक्षताले शैक्षिक प्रणालीभित्र वा शैक्षिक संस्थाभित्रको साधन उत्पादन सम्बन्धलाई व्याख्या गर्दछ । यस अर्थ विद्यालयको आन्तरिक दक्षता भन्नाले शैक्षिक प्रणालीको त्यो क्षमता हो जसले कमभन्दा कम वित्तीय तथा मानव स्रोतको प्रयोगद्धारा विद्यार्थीहरूको धेरै भन्दा धेरै सङ्ख्यालाई थोरै समयमा शिक्षित बनाउन सक्दछ । आन्तरिक दक्षताको नापले निश्चित शैक्षिक उद्देश्य हासिल गर्न शैक्षिक प्रणालीको एउटा भाग कति निपूर्ण छ त्यसको बारेमा जानकारी दिइन्छ । आन्तरिक दक्षता हेर्दा साधन र उत्पादन दुवैको गुण र सङ्ख्यामा ध्यान पुऱ्याउनु पर्दछ तर शिक्षाको गुण नाप्न गाह्रो छ । अर्को फरक पक्ष के छ भने शिक्षाको आन्तरिक दक्षतालाई लगानीको आधारमा पनि हेरिन्छ (शिवाकोटी र पौडेल, २०१६) । त्यसैले यहाँ दक्षतालाई संस्थाको आन्तरिक उद्देश्यको सन्दर्भमा हेरिएको हुँदा संस्थाको आन्तरिक दक्षताको रूपमा व्याख्या गरिएको छ । यसर्थ लगानीको निर्णयलाई बाह्य नभएर आन्तरिक दक्षताको पक्षबाट मात्र हेरिएको छ । यसरी हेर्दा लगानी गर्दैमा त्यसको उच्च प्रतिफल प्राप्त हुन्छ भन्ने निश्चितता हुँदैन । यदि लागत लाभ विश्लेषणका आधारमा लगानी गरेमा मात्र उच्च प्रतिफल प्राप्त हुने सुनिश्चितता हुन्छ । उच्च शैक्षिक उपलब्धि वा लाभ प्राप्त गर्न दक्षता अभिवृद्धि अनिवार्य सर्त हुन्छ भने त्यसका लागि लगानी अपरिहार्य आवश्यकता हुन जान्छ । अत: शैक्षिक दक्षताले अपेक्षित सिकाइ उपलब्धि र शैक्षिक आगतमा गरिएको लागतबिचमा तुलना गर्दछ ।

## पृष्ठभूमि

विभिन्न शैक्षिक प्रणालीहरूको आर्थिक पक्ष तथा शिक्षाको आर्थिक मूल्यको बारेमा आधारभूत ज्ञान प्रदान गरी शिक्षालाई आर्थिक दृष्टिकोणबाट विश्लेषण गर्ने विषयको रूपमा शिक्षाको अर्थशास्त्र सन् १९६० मा जन्म भए पश्चात् शिक्षा क्षेत्रलाई क्रियाशील बनाउनका लागि सन् १९६२ देखि विश्व बैंकले शिक्षामा लगानीको महत्त्वलाई परिचित गराउदै गरिब देशहरूको विकासका लागि वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउदै आएको छ जस अन्तर्गत ९० भन्दा धेरै देशहरूका करिब २६० शैक्षिक परियोजनाहरूमा ५ बिलियन डलरभन्दा धेरै रकम लगानी गरेको थियो । यसबाट ३० लाख भन्दा बढी शैक्षिक संस्थाहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका थिए (शिवाकोटी, २०१६, पृ. ४) । यसले गर्दा शिक्षामा लगानीका लागि दबाब पर्दै गएको छ । परिणाम स्वरूप विभिन्न देशहरूले दोस्रो विश्वयुद्ध पछि योजनावद्ध रूपमा शिक्षामा लगानी गरी देश विकास गरेको पाइन्छ । यो शैक्षिक लगानी अवधारणाको विकास प्रमुख रूपमा चार्ल्स विनानले गरेको पाइन्छ (ऐ) ।

नेपालमा पनि विद्यामान स्रोतको क्षमता विकास गर्न योजनावद्ध शैक्षिक लगानी गर्ने परिपाटीको विकास हुदै आएको देखिन्छ । गुरुकुल शिक्षामा लगानीका नाममा घर परिवारबाट सिधा दिने चलन थियो । गुठी परम्परादेखि आधुनिक शिक्षा थालनीको राणा कालीन समयमा शैक्षिक खर्च दरबारकै कोषबाट बेहोरिएको पाइन्छ । जंगबहादुर राणाले आफ्ना सन्तानलाई अंग्रेजी शिक्षा दिन दरबार स्कुलको स्थापना हुनु नै सरकारी तवरबाट शिक्षामा लगानी गर्न थालिएको प्रथम प्रयास मान्नु पर्छ । सन् १९४९ (वि.सं. २००६) सालसम्म देशका विभिन्न स्थानमा जनस्तरबाटै खर्च बेहोर्ने गरी पब्लिक स्कुलहरू खुलेका देखिन्छन् । सन् १९५० (वि.सं. २००७) सालको परिवर्तनपछि शिक्षालाई प्रजातन्त्रको मूल सिद्धान्त र विकासको आधार मानी शिक्षाको विस्तार र विकासका लागि गठित विभिन्न समिति तथा आयोगहरूले शिक्षामा लगानी बढाउन विद्यालयहरूको निम्ति अनेकौं आर्थिक स्रोतहरू जुटाउने व्यवस्थाका लागि सिफारिस गरेको पाइन्छ । वर्तमान समयमा सामुदायिक तथा संस्थागत शिक्षा प्रणालीको लगानी प्रारूप हेर्दा राष्ट्रिय ढुकुटीबाट अनुदान, सहुलियत, समुदाय, घर, परिवार, विकास साझेदार आदि रहेको पाइन्छ भने समुदाय व्यवस्थापनमा आधारित विद्यालय शिक्षामा एकमुष्ट अनुदान र समुदाय प्रमुख रहेको पाइन्छ । सरकारले कुल सरकारी खर्चको २० प्रतिसत वा कुल गार्हस्थ उत्पादनको ५ प्रतिसतसम्म शिक्षामा लगानी गर्नु पर्ने अन्तर्राष्ट्रिय मान्यता रहेको पाइन्छ । सन् १९५० को दसकमा सरकारी खर्चको ४.२२ प्रतिसत शिक्षा क्षेत्रमा खर्च गरिएको पाइन्छ भने सन् २००० पछिको अध्ययन गर्दा १४ प्रतिसत भन्दा बढी देखिन्छ (काफ्ले र अन्य, २००७, पृ. १३८) ।

नेपालमा शैक्षिक लगानीको सन्दर्भमा विभिन्न अभ्यास हुँदै आएका छन् । लगानीका स्रोतका रूपमा सरकारी लगानी, व्यक्तिगत लगानी, बाह्य लगानी, स्थानीय सरकारका लगानी आदि छन् । नेपाल सरकारले पनि शैक्षिक खर्च लगानी प्रतिसतमा वृद्धि गर्दै आएको छ जसमा राष्ट्रिय बजेटको १३-१९ प्रतिशतसम्म खर्च छुट्याउँदै आएको पाइन्छ तर यसले शिक्षाको गुणस्तर, उपादकत्व, शैक्षिक क्षति कम गर्ने जस्ता कार्यहरूलाई प्रभावकारी ढङ्गले विकास गर्न सकेको छैन । प्राथमिक शिक्षालाई सामाजिक परिवर्तन र सशक्तीकरणको उत्प्रेरकको रूपमा लिइएको हुँदा यस तहबाट अत्याधिक सामाजिक लाभ प्राप्त गर्न सकिने हुनाले अधिकांश मुलुकमा प्राथमिक तहको शिक्षालाई निःशुल्क र अनिवार्य गरेको पाइन्छ । यसै कारण नेपाल सरकारले पनि प्राथमिक शिक्षालाई सबैको पहुँचमा वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि बढी बजेट खर्च छुट्याउँदै आएको छ तर पनि वार्षिक रूपमा वृद्धि गरिदै आएको यस्तो लगानीले प्रभावकारी रूपमा उद्देश्य पूरा गर्न नसकेको तथ्य शैक्षिक क्षति दरको अवस्थाबाट देख्न सकिन्छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, १९९८ (वि.सं. २०५५) मा शैक्षिक लगानीको प्रभावकारिताको अभावलाई उल्लेख गर्दै भनिएको छः

> शिक्षा क्षेत्रका लागि उपलब्ध भएका साधनहरूको प्रभावकारी उपयोग भएको छैन । यसको प्रतिकुल असर गुणस्तर र आन्तरिक दक्षतामा पर्न गएको छ । प्राथमिक शिक्षाको आन्तरिक दक्षता करिब ४२ प्रतिशत मात्र रहेको छ । कक्षा १ मा भर्ना भएका ६० प्रतिशत विद्यार्थीहरू कक्षा २ मा जादैनन् । कक्षा १ मा करिब २८ प्रतिशत विद्यार्थी कम उमेरका रहेका छन् । कक्षा १ मा भर्ना भएका विद्यार्थीहरू मध्ये केवल ४० प्रतिशत मात्र कक्षा २ मा जान्छन् र बाँकि विद्यार्थीहरू कक्षा दोहोऱ्याउने तथा विद्यालय छाड्ने गरिएको पाइन्छ । यसै सन्दर्भमा चौधौं योजनामा उल्लेख भए

> अनुसार शैक्षिक क्षति को दरलाई हेर्दा आ.व.२०७२/०७३ सम्ममा प्राथमिक तहमा खुद भर्ना दर ९६.१०%, कक्षा छाड्ने दर ३.९% र कक्षा दोहोऱ्याउने दर ७.६% रहेको देखिन आउँछ। (पृ. १८४)

यही तथ्यको आधारमा कनकाई नगरपालिका अन्तर्गत सञ्चालन भइरहेका प्राथमिक विद्यालयहरूमा प्राप्त भएको सरकारी लगानीले ती विद्यालयहरूको दक्षता वा शैक्षिक क्षतिको दरमा के कस्तो प्रभाव परेको छ भन्ने कुरालाई समस्याका रूपमा उठाई अध्ययन गरिएको छ।

## समस्याको कथन

नेपालमा पनि प्राथमिक शिक्षालाई बालअधिकार र सामाजिक तथा आर्थिक विकासको रणनीतिका रूपमा लिइएको छ। प्राथमिक शिक्षालाई सर्वसुलभ निशुल्क र अनिवार्य गराउने लक्ष्य अनुरूपम सरकारले विभिन्न नीति योजना तथा कार्यक्रमहरू बनाई कार्यन्वयन गर्दै आएको छ। यसका लागि शिक्षा क्षेत्रको आधा भन्दा बढी रकम लगानी गर्दै प्राथमिक शिक्षाको विकासमा जोड दिएको छ। सरकारी आँकडा अनुसार सरकारले प्रथिमिक शिक्षामा प्रति विद्यार्थी १०.७१ अमेरिकी डलर (रु.१३००/-) भन्दा बढी रकम खर्च गरिरहेको पाइन्छ। सामान्यतयाः वार्षिक रूपमा वृद्धि हुँदै आएको शैक्षिक लगानीले शैक्षिक दक्षता अभिवृद्धि गरी विभिन्न शैक्षिक क्षतिलाई कम गर्दै समग्र शिक्षा क्षेत्रको विकास गर्न सकिन्छ भन्ने मान्यता रही आएको छ तर पनि सो लगानीको प्रतिफल प्राप्त गर्न सरकारी प्राथमिक विद्यालयहरू दक्षतापूर्ण रूपले सकिराखेका देखिदैनन्। प्राथमिक विद्यालय शिक्षाको आन्तरिक दक्षताका लागि विद्यालयमा भर्ना कम हुनु, विद्यार्थीहरूले विद्यालय छोड्नु, कक्षा दोहोऱ्याउनु, तथा प्राथमिक तह पुरा नगर्नु जस्ता शैक्षिक क्षतिलाई चुनौतिको रूपमा हेरिएको छ। UNESCO का अनुसार शैक्षिक क्षतिका अवस्थाहरू अदक्ष लक्ष्य प्राप्त भएको अवस्था, विद्यालयमा आएका बालबालिकाको लागि टिकाउन नसकेको अवस्था, सबैको लागि शिक्षा प्रदान गर्न असफल भएको अवस्था, शिक्षा पद्धतिले उपयुक्त एवम् सान्दर्भिक शैक्षिक लक्ष्य तथा उद्देश्य तय गर्न नसकेको अवस्था मुख्य हुन्। तसर्थ विद्यालयले आफ्नो सेवा क्षेत्रका लक्षित उमेर समूहका सबै विद्यार्थीहरूलाई सरकारी विद्यालयको पहुँचमा ल्याई तिनीहरूलाई प्राथमिक तह उत्तीर्ण नगरुन्जेल कसरी थामी राख्ने भन्ने कुरा गम्भीर समस्या रहेको छ। यसका लागि प्राथमिक शिक्षाका निम्ति सरकारले गरेको लगानीको उचित सदुपयोग नभएको अवस्था विभिन्न तथ्याङ्कहरूबाट देखिन्छ। यसै कुरालाई मध्यनजर गरी प्रस्तुत लेख प्राथमिक विद्यालयमा भएको शैक्षिक क्षतिको अवस्थालाई वार्षिक रूपमा वृद्धि हुँदै गएको सरकारी लगानीले के कसरी कम गर्न सकेको छ वा छैन भन्ने विषयमा अध्ययन गर्ने र त्यसबाट आएको निष्कर्षबाट सरोकारवालाहरूलाई लगानी र दक्षताबिचमा तालमेल गरी प्राथमिक विद्यालयको दक्षता अभिवृद्धि गरी शैक्षिक क्षतिको दर न्यूनीकरण वा शून्य बनाउन सहयोग गर्नको लागि यो अध्ययन औचित्यपूर्ण हुनेकुरामा विश्वास गर्न सकिन्छ।

## उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नअनुसार रहेका छन्:

१. प्राथमिक विद्यालय शिक्षामा सरकारी लगानीको अवस्था पत्ता लगाउनु,
२. प्राथमिक विद्यालय शिक्षाको दक्षतामा सरकारी लगानीले पारेको प्रभावलाई विश्लेषण गर्नु, र
३. प्राथमिक विद्यालय शिक्षाको दक्षता र सरकारी लगानीबिचका समस्याहरूको पहिचान गरी सुझाउनु।

## अध्ययनको विधि र प्रक्रिया

यो अध्ययन गुणात्मक र परिमाणात्मक दुबैको मिश्रित ढाँचामा आधारित छ । यो अध्ययन उद्देश्यमूलक नमूना छनौट विधिबाट लिइएका कनकाई नगरपालिका अन्तर्गत कक्षा ५ सम्म मात्र सञ्चालन हुदै आएका तीन वटा विद्यालयहरू पशुपति प्राथमिक विद्यालय (कनकाई नगरपालिका १), देवकोटा प्राथमिक विद्यालय (कनकाई नगरपालिका ५) र कनकाई गायत्री प्राथमिक विद्यालय (कनकाई नगरपालिका १) रहेका छन् । उक्त विद्यालयहरूको शैक्षिक दक्षता (शैक्षिक क्षतिको दर) र सरकारी लगानीको अवस्थालाई अध्ययन गर्नका लागि उक्त विद्यालयहरूका प्रधानाध्यापकहरूसँग प्रश्नावलीको प्रयोग तथा स्थलगत अवलोकन जस्ता प्राथमिक स्रोत र विभिन्न पुस्तक, पत्रपत्रिका, जर्नल, प्रतिवेदनहरू जस्ता द्वितीय स्रोतहरू प्रयोग गरी आवश्यक सूचना तथा तथ्याङ्कलाई तालिकीकरण गर्दै त्यसको तुलनात्मक व्याख्या विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

### लागतलाभ सिद्धान्त वा प्रतिफलदर दृष्टिकोण

अर्थशास्त्रीय भाषामा लगानी र प्रतिफललाई वित्तीय नीतिको केन्द्रविन्दु मानिन्छ । प्राथमिकताका आधारमा श्रमबजारको माग र पूर्तिबिच सन्तुलन कायम गरी दुर्लभस्रोत साधनको समुचित उपयोग गर्न अपनाइने शैक्षिक लगानीलाई शिक्षामा लगानीको प्रतिफल दरसम्बन्धी दृष्टिकोण भनिन्छ । यसमा लगानी अनुसार प्रतिफलको आशा गरिन्छ । यसलाई लागत लाभको सिद्धान्त पनि भनिन्छ । यस पद्धतिमा लगानीलाई कुनै एक पक्षमा भन्दा शिक्षाका सबै तह तथा स्तर समानुपातिक ढङ्गले लगानी गर्दा बढी उपयोगिता प्राप्त गर्न सकिन्छ भन्ने मान्यता राखिन्छ (काफ्ले र अन्य, २००७, पृ. ७३) । लागतलाभ दृष्टिकोण अनुसार लागत लाभ विश्लेषण गरी श्रम बजारको आवश्यकता अनुसार मात्र शिक्षा प्रणालीमा लगानी गरिन्छ । यस सिद्धान्त अनुसार शैक्षिक लगानीमा प्रतिफललाई आधार स्तम्भ मानिन्छ । शैक्षिक लगानीबाट निजी वा व्यक्तिगत प्रतिफल तथा सामाजिक प्रतिफलको वस्तुनिष्ठ रूपमा लेखाजोखा गरिने हुँदा सही आधारमा शिक्षाको उपक्षेत्रहरूमा समेत शिक्षा स्रोतको बाँडफाँड गरिन्छ । शिक्षामा गरिएको लगानीको तहगत तुलनात्मक प्रतिफल अन्य तहभन्दा प्राथमिक तहबाट धेरै बढी हुने भएकोले सरकारले यसै तहको शिक्षा उपक्षेत्रमा बढी लगानी गर्दछ । प्राथमिक शिक्षाको तहबाट अत्यधिक सामाजिक लाभ प्राप्त गर्न सकिने हुनाले अधिकांश मुलुकहरूमा प्राथमिक तहको शिक्षालाई निशुल्क र अनिवार्य गरिएको पाइन्छ ।

शिक्षा क्षेत्रमा गरिएको लगानीको प्रतिफल मापन गर्ने एक महत्त्वपूर्ण विधिलाई शिक्षामा लागत लाभ विश्लेषण भनिन्छ । शिक्षा क्षेत्रमा लगानी गर्दा पनि कति फाइदा दिन सक्छ, यस्तो लगानीको आर्थिक प्रतिफलको गणना कसरी गर्ने र उक्त प्रतिफल कति हुने आदि विषयको विश्लेषण गरी शैक्षिक योजनाको निर्माण गरिनु पर्दछ भन्ने धारणा नै लागतलाभ विश्लेषण हो । लागतलाभ विश्लेषणको प्रयोग खास गरी वित्तीय क्षेत्रमा गरिन्छ (शिवाकोटी, २०१६, पृ. २६०) । यस अवधारणाको प्रयोगबाट शिक्षाको आन्तरिक तथा बाह्य प्रभावको विश्लेषण गर्न सकिन्छ । लागतलाभ धारणाको उद्देश्य भनेको लगानी निर्णय सिद्धान्तका

लागि आधारभूत कुराहरू उपलब्ध गराउनु हुन्छ । यो धारणा एउटा विवेकशील व्यक्ति वा संस्थाले आफुसँग भएको साधन र स्रोतको उच्चतम फाइदा वा प्रतिफल प्राप्त गर्ने ठाउँमा कसरी खर्च गर्न सक्छ भन्ने कुराको निर्णय लिने कार्यका लागि प्रयोग गर्न सकिने मार्ग हो ।

### शैक्षिक दक्षता

शिक्षा क्षेत्रमा दक्षता भन्नाले शिक्षामा गरिएको लगानीका आधारमा उपयुक्त प्रक्रिया अपनाई हासिल हुने उपलब्धिमा के कति स्रोत र साधनको प्रयोग गरियो सोको लेखाजोखा गर्ने बुझिन्छ । यसरी शैक्षिक दक्षतामा विद्यार्थीको तह पार हुने दर र कक्षा दोहोऱ्याउने दरका अतिरिक्त समग्र शिक्षण संस्थामा गरिएको लगानी र प्रतिफलको अनुपातका साथै सम्पूर्ण पक्षहरूबिचको सम्बन्धको लेखाजोखा गर्ने कार्य गरिन्छ । शिक्षा क्षेत्रको दक्षतामा कार्यकुशलता खर्च, समय एवम् स्रोत महत्त्वपूर्ण कुराहरू हुन् । यसमा स्तर निर्धारणदेखि लिएर लक्ष्य उद्देश्य पूरा गर्न सक्ने क्षमता छ छैन त्यसतर्फ पनि विचार पुऱ्याउनु पर्ने हुन्छ । शिक्षा क्षेत्रको दक्षता भन्नाले कमभन्दा कम स्रोत र साधनको समुचित प्रयोग गरी लक्षित वा निर्धारित शैक्षिक उपलब्धि हासिल गर्न सक्ने वित्तीय आधारलाई दक्षतामा आधारित व्यवस्था भन्न सकिन्छ (काफ्ले र अन्य, २००७, पृ. ५६) ।

शैक्षिक खर्चको सम्भावित स्रोतको पहिचान शिक्षा प्रणालीको कार्यकुशलतामा भर पर्दछ । एकातिर शिक्षालयमा विद्यार्थीको चाप बढ्दै जाँदा उपलब्ध स्रोत र साधनको महत्व उपयोग गरी सबैलाई समेट्नु पर्ने आवश्यकता हुन्छ भने अर्कोतिर थप स्रोतको पहिचान गरी आर्थिक कार्यकुशलतालाई त्यतिकै महत्त्व दिनु पर्ने अवस्था पनि सिर्जना हुने गर्दछ । विद्यार्थीको तह पार हुने दर र कक्षा दोहोऱ्याउने दरले शैक्षिक कार्यकुशलतालाई इंगित गर्दछ । शैक्षिक दक्षता अभिवृद्धि गर्न कक्षा दोहोऱ्याउने दरलाई शून्य बनाउनु पर्छ र शिक्षा प्रणालीमा प्रवेश गरेका सबैले निश्चित तह पार गरेको हुनुपर्दछ । जति धेरै तह पार गर्ने दर हुन्छ त्यति नै शिक्षा प्रणालीको कार्यकुशलता बढ्दै जान्छ । एक तह पार गर्नेको सङ्ख्या बढेपछि स्वत अर्को तहको माग बढ्छ । त्यसैले थप स्रोत शिक्षालयको विस्तारमा र गुणस्तरका लागि प्रति विद्यार्थी लागत बढाउन खर्च गर्नु पर्ने हुँदा सम्भावित स्रोतको मापन गर्न शिक्षा प्रणालीको कार्यकुशलतालाई एउटा आधारका रूपमा लिन सकिन्छ (खनाल र आचार्य, २००६, पृ. ५२) ।

## नतिजा र विश्लेषण

यस अध्ययनमा प्राथमिक स्रोत अन्तर्गत विद्यालय सर्वेक्षणबाट विभिन्न सूचकहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरू र द्वितीय स्रोतका समग्रहरूको अध्ययनबाट प्राप्त सबै नतिजाहरू विभिन्न शीर्षकहरूमा राखी तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

### प्राथमिक विद्यालयमा सरकारी लगानीको अवस्था

यस अध्ययन अन्तर्गतका विद्यालयहरूले विगत तिन शैक्षिक वर्षहरूमा प्राप्त गरेको सरकारी लगानी अनुदान रकमलाई विद्यालयको आम्दानी र त्यसबाट गरिएको साधारण तथा पूँजीगत खर्चको अवस्थालाई तालिकामा देखाई तुलनात्मक व्याख्या विश्लेषण गरिएको छ ।

**तालिका १**

*प्राथमिक विद्यालयमा सरकारी लगानीको अवस्था (२०१८-२०२०)*

| विद्यालयको नाम | सन् २०१८ | | | सन् २०१९ | | | सन् २०२० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आम्दानी (रु) | खर्च (%) | | आम्दानी (रु) | खर्च (%) | | आम्दानी (रु) | खर्च (%) | |
| | | साधारण | पूँजीगत | | साधारण | पूँजीगत | | साधारण | पूँजीगत |
| पशुपति | १७,९१,८०४।०० | ९२.२८ | ७.७२ | २०,९९,२८७।०० (१७.२२% वृद्धि) | ८०.८५ | १९.१५ | २२,६५३८५।०० (७.७१% वृद्धि) | ८८.५१ | ११.४९ |
| देवकोटा | २५,२५०१७८० | ९४.३९ | ५.६१ | २८०७४११।८८ (११.१८% वृद्धि) | ८८.३० | ११.७० | ५१५४७५५।४७ (८३.६१ % वृद्धि) | ६५.१० | ३४.९० |
| कनकाई गायत्री | २८,६०,९३०।७२ | ८४.४५ | १६.५५ | ३२,५२५८८।८४ (१०.१९% वृद्धि) | ८०.७० | १९.३० | ६३५८१६१।११ (९५.४८% वृद्धि) | ७२.२० | २७.८० |

स्रोत : विद्यालय सर्वेक्षण

प्रस्तुत तालिका १ अध्ययन गर्दा तिन वटै विद्यालयहरूमा विगत तिन वर्षको आम्दानीमा धेरै भिन्नता रहेको पाइन्छ । अघिल्लो वर्षको तुलनामा पछिल्ला दुई वर्षमा आम्दानी वृद्धिदर वढेको छ । त्यो दर अन्तिम तेस्रो वर्षमा पशुपति विद्यालयको बाहेक अन्य २ को अत्याधिक प्रतिशतमा वृद्धि भएको देखिन्छ । उक्त खर्चतर्फ हेर्दा साधारण र पूँजीगत खर्चको अनुपात बढी देखिन्छ । अन्तिम तेस्रो वर्षमा पशुपति विद्यालयबाहेक अन्य २ वटाको भने यो अनुपात सिद्धान्ततः हुनु पर्ने सन्तुलन अनुपात ७०:३० को हाराहारीमा रहेको देखिन्छ तर पनि अघिल्लो २ वर्षमा यो अनुपात सन्तुलित हुन नसक्दा पूँजीगत खर्च कमजोर देखिएको र त्यसको असर कक्षा दोहोऱ्याउने र तह पूरा गर्ने दरमा देखिन गएको छ । यी ३ वर्षको बिचमा यसलाई औसत अनुपातको रूपमा हेर्दा ८३:१७ को अनुपातमा रहेको पाइन्छ । पूँजीगत खर्चमा विशेषगरी भौतिक संरचना निर्माण लगायतका अन्य भौतिक सामाग्रीहरूमा खर्च गरिएको बताइन्छ । स्थलगत अवलोकनबाट सुविधायुक्त भौतिक संरचनाहरू र आवश्यक शैक्षिक सामग्रीहरू भएको देखिदैन तर पनि विद्यालयले चाहेअनुसार भौतिक सुविधा बढाउन पुँजीगत खर्च गर्न लगानी पर्याप्त नभएको कुरा प्रधानाध्यापकहरू बताउनु हुन्छ । विद्यालयले शैक्षिक उपलब्धि हासिल गर्न महँगा मात्र नभएर स्थानीय मूल्य रहित र कम मूल्यका शैक्षिक सामग्रीहरू पनि प्रयोग गर्न सकिन्छ । सुविधा सम्पन्न भौतिक संरचनाले मात्र उपलब्धिको सुनिश्चितता प्रदान गर्दैन । प्राप्त अनुदानका अतिरिक्त अन्य स्थानीय तथा समुदायिक स्रोतहरूको खोजी गरी त्यसलाई उच्च शैक्षिक प्रतिफल दरको दृष्टिकोण अनुसार विवेकपूर्ण निर्णय गरी प्रयोग गर्न सक्नुपर्दछ ।

## शैक्षिक दक्षतामा लगानीको प्रभाव

शैक्षिक दक्षता र लगानी बिचमा प्रत्यक्ष सम्बन्ध रहेको हुँदा यहाँ दक्षता र लगानीको अवस्थालाई तुलना गरेर लगानीको प्रभावलाई विश्लेषण गरिएको छ । शैक्षिक दक्षतामा शैक्षिक क्षतिलाई लिइएको हुँदा शैक्षिक क्षतिलाई लगानी वृद्धि र त्यसको प्रभावकारितासँग जोडेर हेरिएको छ ।

## प्राथमिक विद्यालय शिक्षाको दक्षताको स्थिति

शैक्षिक दक्षताको स्थितिलाई यहाँ शैक्षिक क्षतिका सूचकहरू कक्षा दोहोऱ्याउने दर तथा कक्षा छोड्ने दर र अन्तिम तह पूरा गर्ने दरलाई लिइएको छ । साथै आफ्नो सेवा क्षेत्रका उमेर समूहका विद्यार्थीहरूको भर्ना संख्याको अवस्थाबाट पनि दक्षता मापन गर्ने प्रयास गरिएको छ । शैक्षिक दक्षतालाई विद्यार्थीहरूको उत्तीर्ण दरले पनि मापन गर्न सकिन्छ तर यो दर भने भएका विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दरमा भर पर्ने भएकोले यही आधारमा उत्तीर्ण दर कति रहेछ भन्ने कुरा सोझै अनुमान गर्न सकिने हुँदा तालिकामा उत्तीर्ण दरलाई राखिएको छैन । उत्तीर्ण दर उच्च हुनका लागि कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दर न्यून हुन पर्दछ भन्ने मान्यता भएको हुँदा (शिवाकोटी, २०१६, पृ. ५) यसलाई उच्च शैक्षिक दक्षताको रूपमा मानिएको छ ।

### तालिका २

*प्राथमिक विद्यालय शिक्षाको दक्षताको स्थिति*

| विद्यालय को नाम | कक्षा | भर्ना संख्या | | | कक्षा दोहोऱ्याउने दर | | | बिचमै कक्षा छोड्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०१८ | २०१९ | २०२० | २०१८ | २०१९ | २०२० | २०१८ | २०१९ | २०२० |
| पशुपति | १ | ११ | १३ | १४ | | (७७०) १ | | (९.०९) १ | | |
| | २ | ८ | १२ | १४ | | | | | | (२१.४२) ३ |
| | ३ | १२ | ११ | १४ | | | | | | |
| | ४ | १२ | १० | १२ | | (२०.०) २ | | | | |
| | ५ | १४ | ७ | ६ | | (१४.२९) १ | | (७७०) १ | | |
| देवकोटा | १ | ७ | ४ | १३ | (२८.५८)२ | | | (५७१४) ४ | (१००) ४ | (१४.७) २ |
| | २ | | | ५ | (१००) १ | | | | | (४०)२ |
| | ३ | १ | १ | ५ | (१००) १ | | | | | |
| | ४ | २ | | ३ | (१००)२ | | | | | |
| | ५ | ५ | | | (२०) १ | | | (६०.६०)३ | | |
| कनकाई गायत्री | १ | २३ | ३० | ५० | (१३.०४)३ | | | | | |
| | २ | २६ | २१ | ३७ | (११.११) ३ | | | | | |
| | ३ | २१ | २३ | २८ | | | | | | |
| | ४ | १९ | २१ | ३५ | | | | | (९.५२) २ | |
| | ५ | २५ | २५ | २६ | | | | | | |

नोटः कोष्ठभित्रका संख्याले प्रतिशतलाई जनाउँछ ।

स्रोत : विद्यालय सर्वेक्षण

प्रस्तुत तालिका २ मा उक्त ३ ओटा प्राथमिक विद्यालयहरूको शैक्षिक दक्षताको स्थितिको दरको अवस्थालाई देखाइएको छ । शैक्षिक दक्षतालाई निम्न ४ वटा सूचकहरूबाट मापन गरिएको छ भने त्यस दक्षता स्थितिलाई लगानीसँग सम्बन्धित गरी त्यसको प्रभावलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

**(क) भर्ना संख्या**

प्रस्तुत तालिका २ मा ३ ओटै विद्यालयहरूको वार्षिक भर्ना संख्या र लगानीलाई हेर्दा २०१८ सालको तुलनामा २०१९ मा कनकाई विद्यालयको मात्र भर्ना बढेको देखिन्छ भने अन्य दुईको घटेको अवस्था छ तर प्राप्त लगानी भने अरुको तुलनामा कम प्रतिशत (१०.१९) को वृद्धि भएको छ । तुलनात्मक रूपमा भर्नाको दक्षता सन्तोषजनक देखिन्छ तर लगानी ११.१८ प्रतिशत वृद्धि भएर पनि देवकोटा विद्यालयमा भर्ना वृद्धि गर्ने उद्देश्यमा लगानीको प्रभाव कम देखिन्छ । यस्तै २०२० सालको लगानी वृद्धिको अवस्था पशुपति विद्यालयको बाहेक अन्य दुईको अधिक पाइएको छ जसमा पुँजीगत खर्च पनि बढी भएको पाइन्छ जसले गर्दा भर्ना संख्या बढाई बढी दक्षता देखिनु पर्नेमा दुवै विद्यालय कमजोर रहेको पाइएको छ तसर्थ भर्ना संख्या सूचकको दक्षतामा लगानी वृद्धिको प्रभाव कमजोर रहेको पाइन्छ । यसले गर्दा यहाँ लगानीले बढी प्रतिफल दिन सक्नुपर्छ भन्ने सिद्धान्त लागु भएको पाइँदैन । यसमा साधन स्रोतको सही व्यवस्थापन र कार्यान्वयन पक्षहरू कमजोर रहेको देखिन्छ । यस्तो हुनुमा कनकाई गायत्रीका प्र.अ. बताउनुहुन्छ "आफ्नो सेवा क्षेत्रमा प्राय विपन्न वर्गका बालबालिकाहरू हुनुका साथै उनीहरूको अवसर लागत बढी पाइएको, आफ्नो बालबच्चाको जन्मदर्ता गराउन नसकेको अभिभावकहरूमा शैक्षिक चेतनाको कमी भएको र बाल खाजाको आकर्षण बढाउन नसक्नु जस्ता समस्याहरूले भर्ना वृद्धि गर्न नसकेको" साथै यसैगरी देवकोटा प्रा.वि.का प्र.अ. पनि भन्नुहुन्छ, "विद्यालय समुदाय सम्बन्धको अभाव, पारिवारिक पृष्ठभूमि कमजोर र निजी विद्यालयमा गएर पढने गरेको आदि भर्ना समस्याका रूपमा रहेको छ ।" अभिभावकको दृष्टिकोणमा शिक्षकको लापर्वाही भनिनु तथा विद्यार्थीको दृष्टिमा शिक्षकको जिम्मेवारीमा प्रश्न उठाउँनुले समस्या अन्यत्र पनि छ भन्ने कुरा देखाउँछ ।

विद्यालय भर्नाको विस्तारमा प्र.अ.हरूबाट राखिएका उक्त समस्याहरू अध्ययन गरिएको ग्रामीण परिवेशमा स्वभाविक हुने गर्दछन् । यसको समाधानको पाटो आर्थिकभन्दा पनि मानवीय व्यवहार र अठोटको हो भन्ने कुरालाई आफूभित्र देख्नसक्नु पर्दछ । चेतनाको बाहकको भूमिकालाई शिक्षकले इमान्दारी र निष्ठाका साथ निर्वाह गर्न सक्नुपर्दछ । यस भूमिकालाई सहजीकरण गर्द पेसागत मार्गदर्शकको रूपमा रहेको स्थानीय शिक्षा नीति र योजना तथा विद्यालय सुधार योजना (एस.आइ.पी.) जसले स्थानीय तल्लो तहका जनता र संस्थाहरूसँग उल्लेखित विभिन्न आयामहरू मार्फत सहभागितामूलक रूपमा जोडिएर स्तर वृद्धि गर्दै जाने कुरामा जोड दिएको छ । यसलाई अनिवार्य रूपमा विद्यालय परिवारले आत्मसाथ गर्दै जानुपर्ने हुन्छ । विद्यार्थी भर्नालाई विस्तार गर्ने मुख्य प्रेरक तत्व विद्यालयले प्रदान गर्ने अपेक्षित गुणस्तरीय पठनपाठन नै हो भन्ने कुरालाई बिर्सन सकिँदैन ।

**(ख) बिचमै कक्षा छोड्ने दर**

विद्यार्थीहरूले एक शैक्षिक सत्र पूरा नगरी बिचमै कक्षा छोड्ने संख्यालाई तालिका २ मा हेर्दा २०१८ मा पशुपति विद्यालयमा यो दर ३.३६, देवकोटा प्रा.वि मा २.४ र कनकाई यो दर शुन्य रहेको पाइयो र यस विद्यालयमा लगानीको प्रभाव राम्रो देखिएको छ । २०१९ मा पनि पशुपति विद्यालयमा अरु दुईको भन्दा बढी प्रतिशत (१७) लगानी वृद्धि भई कक्षा छोड्ने दर शून्य बनाई सबै विद्यार्थीहरूलाई टिकाई राख्न सफल भएको देखिन्छ तर अन्य दुई विद्यालयहरूको यो दर बढी पाइएको हुँदा लगानी प्रभाव न्यून

देखिन्छ । यसै गरी २०२० मा यो दर शुन्य राख्न यो विद्यालय सफल देखिएको छ जसको लगानी वृद्धि प्रतिशत (७५.४८) हुन गएको पाइन्छ । अन्य विद्यालयहरूको पनि कक्षा छोड्ने दर राष्ट्रिय औसत दर ३.९ भन्दा उच्च नै देखिएको छ । त्यसमा पनि देवकोटाको सबै भन्दा बढी प्रतिशत ११ रहेको देखिन्छ । यस्तो कक्षा छोड्ने दरलाई न्यून वा शुन्य बनाउनका लागि सबै विद्यालयहरूले बालमैत्री शिक्षण सिकाइ क्रियाकलापमा जोड दिएको, दिवाखाजाको व्यवस्था गरेको छात्रवृत्ति प्रदान गरिएको, विद्यार्थीलाई पुरस्कार र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिएको अभिभावकहरूसँग परामर्श तथा अन्तरक्रिया गरिएको घरदैलो कार्यक्रम पनि गर्ने गरेको प्रधानाध्यापकहरूले बताउनुभएको छ । तर पनि त्यस कार्यक्रमहरूमा गरिएको लगानीको प्रभाव यस दरमा न्यून नै रहेको देखिन आउँछ । अतः लागत लाभको सिद्धान्त अनुसार यहाँ पनि साधन र उत्पादनको सम्बन्धलाई राम्रो कायम गरी दक्षता बढाउन सहयोग पुऱ्याएको पाइँदैन । कक्षा छोड्ने प्रवृतिलाई घटाउनका लागि गरिएका उल्लेखित कार्यहरू केवल कार्यमा मात्र सीमित रहेको तथ्याङ्कबाट बुझिन्छ । ती कार्यहरूलाई निरन्तरता दिने, अनुगमन गरिरहने काम कम मात्रमा हुने गरेको शिक्षकहरूको भनाइ रहेको पाइन्छ । आर्थिक कारणले पढाइ छाड्नेका लागि त्यसको वास्तविक समस्या पहिचान गरी अवसर लागत र अन्य आर्थिक लाभका लागि लगानीमा वृद्धि गर्नुपर्ने देखिन्छ । आर्थिक कारणले पढाइ छोड्ने विद्यार्थीकोलागि उनीहरूको काम र पढाइलाई जोडन अनौपचारिक शिक्षाको माध्यमबाट आधारभूत शिक्षाका वैकल्पिक अवसरहरू प्रदान गर्नुका साथै खुल्ला मोड तथा खुल्ला दूर सिकाइ जस्ता कार्यक्रम सञ्चालन गर्न सकिने कुरामा पनि सोच्न सकिन्छ । कक्षा छोड्ने समस्या र समाधानको पहिचान गरी त्यसलाई रोक्नका लागि अभिभावक सहितको एक अनुगमन समिति बनाई काम गर्नुपर्ने समेत शिक्षकको राय पाइन्छ । अर्को आँखाबाट हेर्दा बच्चा अभिभावकको हो भने तिनलाई कसरी जिम्मेवार बनाउने भन्ने बारे सोच्नु पर्छ । सरकारको हो भने हर सुविधा दिएर बच्चालाई पढाउने व्यवस्था गरिनुपर्छ भन्ने सैद्धान्तिक सोच पनि उत्तिकै विचारणीय विषय बनाइनु पर्छ ।

### (ग) कक्षा दोहोऱ्याउने दर

कुनै कक्षामा अनुत्तीर्ण भएर तथा बिचमै कक्षा छोडेर अर्को शैक्षिक वर्षमा पुनः त्यही कक्षामा भर्ना भई कक्षा दोहोऱ्याउने दरलाई माथिको तालिका २ मा हेर्दा पशुपति विद्यालयको २०१८ सालमा यो दर शून्य रहेको र २०१९ मा ८.४ प्रतिशत र २०१९ मा शून्य रहेको देखिन आउँछ । यसै गरी देवकोटा विद्यालयको यो दर हेर्दा २०१८ मा अत्यधिक बढी ७० प्रतिशत रहेको देखिन्छ तर अन्य दुई वर्षहरूमा यो दर शून्य रहेको पाइन्छ । भर्ना संख्या कम भएका कारण यस विद्यालयमा ८३ प्रतिशत वृद्धि लगानीको प्रभाव दक्षतामा ज्यादै कमजोर देखिन्छ । प्रस्तुत विद्यालयहरू मध्ये कनकाई विद्यालयमा यो दर २०१८ मा ५ प्रतिशत रहे तापनि अन्य दुई वर्षमा शुन्य रहेको देखिन्छ । जुन लगानीमा भएको बढी प्रतिशत ९५.४८ वृद्धिको प्रभाव राम्रो परेको मान्न सकिन्छ । यसरी हेर्दा विद्यार्थी संख्या जति थोरै हुन्छन् यो दर पनि त्यति नै बढी देखिएको हो । तर पनि समग्रमा यो दरलाई हेर्दा राष्ट्रिय औषत दर ७.६ को हाराहारीमा रहेको देखिन्छ जुन अन्य सूचकहरूको भन्दा सन्तोषजनक रहेको पाइन्छ । शैक्षिक दक्षताको अवधारणा अन्य सूचकहरूको तुलनामा यस सूचकमा कम स्रोत साधनको समुचित प्रयोग गरी निर्धारित शैक्षिक उपलब्धि हासिल गर्न सक्ने आधार रहेको देखिन्छ । कक्षागत विद्यार्थी संख्या थोरै भई शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन गएकोले यो दर कम तथा शून्य हुन गएको हो भनी सम्बन्धित प्र.अ हरू बताउनु हुन्छ । कक्षागत रूपमा थोरै संख्यामा विद्यार्थीहरू

भए तापनि कक्षा दोहोऱ्याउनेको दर शुन्य पार्न सकेको देखिंदैन । विद्यार्थीलाई किन कक्षा दोहोऱ्याएको भनी सोध्दा नजानेर उनुत्तीर्ण भएको, नियमित पढाइ हुँदैन र बुझ्दिन, पढ्न मन लाग्दैन, आफै पढ भन्नुहुन्छ, धेरै समय विद्यालयमा खेलेर बिताएको भन्ने जस्ता प्रतिक्रियाहरू पाइएको छ । यसमा कमजोर विद्यार्थीहरूको पहिचान गरी सोही अनुसारका फरक फरक ढंगका सिकाइ विधिहरू अपनाउनु पर्ने देखिन्छ ।

### (घ) विद्यालय तह पूरा गर्ने दर

यो दर भर्ना भएका विद्यार्थीहरूमा र तिनीहरूको कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दरमा निर्भर गर्दछ । यस अध्ययनका विद्यालयहरूमा विद्यार्थी भर्ना संख्या न्यून भएको पाइएकोले त्यही भर्ना संख्याका आधारमा यो दर कायम भएको हो ।

**तालिका ३**

*प्राथमिक तह पूरा गर्ने विद्यार्थीको स्थिति (२०१४-२०२०)*

| विद्यालयको नाम | कक्षा १ मा भर्ना भएको संख्या | | | प्रा.वि. तह पूरा गर्ने दर | | |
|---|---|---|---|---|---|---|
| | २०१४ | २०१५ | २०१६ | २०१७ | २०१८ | २०१९ |
| पशुपति | ११ | १० | १३ | ११(१००) | ६(६०) | ६(४६.१५) |
| देवकोटा | १७ | १२ | ११ | १(१४.३०) | ० | ० |
| कनकाई गायत्री | ३८ | ४८ | ३३ | २५(६५.८०) | २५(५२) | २६(७८.८०) |

नोटः कोष्ठ भित्रको संख्याले प्रतिशतलाई जनाउँछ ।
स्रोत : विद्यालय सर्वेक्षण

प्रस्तुत तालिका ३ ले यस अध्ययन क्षेत्रका कक्षा १ मा भर्ना भएर पाँच वर्षपछि प्रा.वि. तह पूरा गर्ने विद्यार्थीको स्थितिलाई विगत तीन वर्षमा देखाएको छ । प्रस्तुत तालिकाअनुसार कक्षा १ मा भर्ना भएको विद्यार्थीहरूको संख्याको आधारमा हेर्दा ५ वर्षपछि तह पूरा गरेर जाने संख्या कम भएको पाइन्छ । यस बिचमा कक्षा दोहोऱ्याउने र छाड्ने संख्या बढी हुन आएकोले यो उत्तीर्ण वा तह पुरा गर्ने संख्या कम हुन गएको देखिन्छ । यहाँ विद्यालयमा भएको लगानीको पछिल्लो २ वर्षको वृद्धि प्रतिशतको अवस्थालाई हेर्दा पशुपति विद्यालयमा लगानी वृद्धिको प्रभाव यो दरमा बढ्नुको सट्टा घटेको देखिन्छ । त्यस्तै देवकोटा विद्यालयको पनि प्रभाव वा दक्षता निराशाजनक पाइन्छ भने कनकाई विद्यालयको पनि यो सूचक दर क्रमशः घटिरहेको देखिन आउँछ तर उक्त लगानी वृद्धि प्रतिशत भने अत्याधिक ९५.४८ सम्म रहेको देखिन्छ । यसरी लगानीको प्रभाव प्रत्यक्ष रूपमा देखिने यस सूचकको अवस्था कमजोर देखिएको पाइन्छ । लागत लाभको सिद्धान्तको आशय र शैक्षिक दक्षताको अवधारणा अनुकुल नहुने गरी उक्त विद्यालयहरूको शैक्षिक गतिविधि सञ्चालन भएको देखिन्छ । शैक्षिक दक्षता वा तह पुरा गर्ने दरलाई उच्च बनाउन सहयोग पुऱ्याउने विभिन्न शैक्षिक गतिविधिहरू वा सूचकहरू हुने गर्दछन् र तिनिहरूको तुलनात्मक रूपमा महत्त्व वा प्रभाव फरक फरक हुन सक्छ त्यही प्रभावका आधारमा विवेकपूर्ण तरिकाले निर्णय गरी ती सूचकहरूमा लगानी गर्न जोड दिनुपर्ने देखिन्छ । जस्तो कक्षा दोहोऱ्याउने दरलाई घटाउने र विद्यार्थी टिकाइराख्ने दरलाई बढाउने गतिविधिहरूमा लगानी वृद्धि गर्न सक्नु पर्दछ तर यहाँ त्यसो नभएर ठिक विपरीत हुन गएको देखिन्छ ।

## समस्या र सुझावहरू

कनकाई नगरपालिका अन्तर्गत रहेका प्राथमिक विद्यालयहरूमा गत तीन वर्षको बिचमा रहेको सरकारी लगानीको अवस्था र त्यसले शैक्षिक दक्षतामा पारेको प्रभावलाई अध्ययन गर्ने क्रममा पाइएका समस्याहरू र त्यसको समाधनका सुझावहरूलाई निम्न बमोजिम बुदागत रूपमा प्रस्तुत गरिएको छ ।

**समस्याहरू**

१. विद्यालयहरूलाई प्रदान गरिएको अनुदान रकममा साधारण र पूँजीगत खर्चको अनुपात ७०:३० को सन्तुलन नमिलाई गुणात्मक पक्षमा कम (१७%) लगानी हुनु,

२. विद्यालयलाई प्रदान गरिने लगानीको रकम पारदर्शी तरिकाबाट नछुट्याई आवश्यकता अनुसार वितरण नगरिनु,

३. विद्यालयहरूले स्थानीय र समुदायिक स्रोतहरूको पहिचान गर्न यथेष्ट ध्यान निदई सरकारी अनुदानमा मात्र पूर्ण निर्भर रहनु,

४. खर्चको अनुगमन नभएको कारण विद्यालयहरूले आफ्नो अन्तारिक दक्षता वृद्धि गर्नेतर्फ ठोस कदम चाल्नु नसक्नु,

५. विद्यालय भर्ना वृद्धिका सम्बन्धमा विद्यालय सुधार योजना (एस.आइ.पी.) र स्थानीय पालिका शिक्षा नीति योजनालाई पूर्ण रूपमा ध्यान दिई पालना गर्न नसक्नु,

६. आफ्ना बालबालिकालाई विद्यालय भर्ना गराउन समस्यामा परेका अभिभावकहरू सँग सम्पर्क गरी त्यसको समाधानमा सहयोगी भूमिका खेल्न नसक्नु,

७. विद्यालयले अंग्रेजी माध्यममा पठनपाठन गर्न हिम्मत नगरेर त्यसलाई भर्ना कम भएको भनी दोष दिनु,

८. कक्षा छोड्ने समस्यालाई घटाउन सञ्चालन गरिएका कार्यक्रमहरूले समस्याको मूल पक्षलाई सबोधन गर्न नसकेकोले कार्यक्रम प्रभावकारी बन्न नसक्नु,

९. बालबालिकाले कक्षा छोड्नुमा उसको अभिभावकको न्यून आय र चेतनाको अभाव प्रमुख भएको देखिएकोले त्यसको समाधानको लागि विभिन्न वैकल्पिक चिन्तनहरू अबलम्वन गर्न नसक्नु,

१०.विद्यार्थीहरूलाई पढाइप्रति उत्प्रेरित गर्न नसकेका कारण उनीहरूको सिकाइ उपलब्धि बढ्न नसक्नु,

११. शैक्षिक क्षतिलाई कम गरी तह पुरा गर्ने दर बढाउन सहयोग पुऱ्याउनेमा पूर्वाधारको पर्याप्तता, दक्ष शिक्षकको उपलब्धता, गुणस्तर वृद्धि गर्ने, पाठ्यक्रमलाई रोचन बनाउने जस्ता प्रमुख पक्षहरूका समस्याहरूलाई समाधान गर्नका लागि विद्यालयले स्थानीय पालिका तथा अन्य सरोकारवालाहरू सँग समन्वय तथा सहकार्य पर्याप्त रूपमा गर्न नसक्नु ।

**शिक्षा सुधारका उपायहरू**

माथि उल्लेखित अध्ययनका उपलबधिको आधारमा के गर्दा भविष्यमा शैक्षिक लगानी तथा विद्यार्थीको शैक्षिक गुणस्तरबारे सहसम्वन्ध कायम गर्न देहायका कार्यहरु गर्नु गराउनु पर्ने देखिन्छ ।

**विद्यालय व्यवस्थापन समितिले गर्नु गराउनुपर्ने कार्यहरू**

१. स्थानीय पालिका र सामुदायिक लगानीका स्रोतहरूको पहल गरी त्यसको परिचालन गर्न यथेष्ट रूपमा ध्यान दिनुपर्ने,
२. विद्यालय सुधार योजना (SIP) स्थानीय पालिका, शिक्षा नीति योजनालाई मार्गदर्शकका रूपमा पालना गर्नु र गराउने पर्ने,
३. विद्यार्थीको मातृभाषालाई माध्यम मानी क्रमशः अंग्रेजी माध्यमको पठनपाठन सञ्चालन गर्नका लागि आवश्यक सबै पूर्वाधारहरू तयार गर्न पहल गर्नुपर्ने,
४. शैक्षिक क्षतिलाई कम गरी गुणस्तरीय रूपमा पठनपाठन सञ्चालन गर्न स्थानीय पालिका, संघ संस्थाहरू र अभिभावकहरूसँग समन्वय तथा सहकार्य पर्याप्त रूपमा गर्दै जानुपर्ने ।

**स्थानीय पालिकाले गर्नु गराउनु पर्ने कार्यहरू**

१. विद्यालयलाई प्रदान गरिने अनुदान रकममा पूँजीगत खर्चको अनुपात बढाइ गुणात्मक पक्षमा जोड दिनुपर्ने,
२. विद्यालयलाई अनुदान प्रदान गर्दा आवश्यकताको विश्लेषण गरी पारदर्शी तरिकाबाट वितरण गर्नुपर्ने,
३. आर्थिक कारण लगायतले विद्यालय बाहिर रहेका तथा रहने सम्भावना भएका बालबालिकाहरूलाई अनौपचारिक शिक्षाको माध्यमबाट आधारभूत शिक्षाका वैकल्पिक अवसरहरू प्रदान गर्नुका साथै खुल्ला मोड, खुल्ला दुर सिकाइ (ओ.डि.एल.) जस्ता कार्यक्रमहरूबाट काम र पढाइलाई जोड्ने कुरामा पनि ध्यान दिनुपर्ने,
४. विद्यालयलाई विद्यार्थी सिकाइको लागि प्रतिस्पर्धी र जवाहफदेही बनाई त्यसको मूल्याङ्कनको आधारमा लगानी प्रवाह गर्नुपर्ने,
५. अति विपन्न समूहको बालबालिकाको अवसर लागतको आपुरणका लागि थप लगानीको व्यवस्था गर्नुपर्ने,
६. समय समयमा नगरशिक्षा नीति तथा योजनालाई परिमार्जन गर्दै र त्यसको प्रभावकारी कार्यान्वयनको अनुगमन र मूल्याङ्कनमा विशेष जोड दिनुपर्ने,
७. विद्यालयले प्राप्त गरेको अनुदान रकमलाई आन्तरिक दक्षता वृद्धि गर्न विद्यालयले के कस्ता कदमहरू चालेका छन् त्यसको अनुगमन बारम्बार गर्नुपर्ने ।

**शिक्षकहरूले गर्नु गराउनुपर्ने कार्यहरू**

१. विद्यार्थीहरूको सिकाइका शैलीहरूको पहिचान गरी फरक फरक ढंगबाट उत्प्रेरणामूलक तरिकाले शिक्षण गर्नुपर्ने,

२. विद्यार्थीको मातृभाषाका शब्द, वाक्य, व्याकरण, लिपि आदिसँग जोडदै अंग्रेजी माध्यमबाट पनि म पढाउन सक्छु भन्ने हिम्मत र अठोट लिएर मात्र पठनपाठन सञ्चालन  गर्नु गराउनु पर्ने,
३. समाजमा शैक्षिक चेतना बाहकको रूपमा भूमिका निर्वाह गरिरहनुपर्ने,
४. गुणस्तरीय पठनपाठन नै शिक्षकको लक्ष्य हुनुपर्छ भन्ने कुरालाई मनन गरी शिक्षण गर्नुपर्ने,
५. निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा लागु गरी कार्यमूलक अनुसन्धानमा जोड दिनुपर्ने ।

## निष्कर्ष

जुनसुकै देशको शैक्षिक अवस्था त्यस देशको शिक्षामा गरेको आर्थिक लगानीबाट झल्कन्छ । त्यस्तो लगानी देशहरूले आफ्नो आवश्यकता अनुसार मानव संसाधनको विकासका लागि गर्ने गर्दछन् । यस अर्थमा शिक्षामा गरिएको लगानी जनशक्ति उत्पादनमा गरिएको लगानी हो जसलाई विकासको सूचकका रूपमा लिने गरिन्छ । निर्धारित शैक्षिक उद्देश्यहरू प्राप्त गर्न आवश्यक पर्ने स्रोतको प्रभावकारी ढंङ्गमा परिचालन र त्यसको अर्थपूर्ण रूपमा गरिने उपयोगले मात्र शैक्षिक लगानीको औचित्य पुष्टि हुन्छ तर नेपालमा शैक्षिक लगानीको बारे अस्पष्ट अवधारणा रहेकोले त्यसको उद्देश्यमूलक प्रतिफल तथा अपेक्षित शैक्षिक दक्षता हासिल हुन नसक्दा शिक्षा प्रणाली संकटमा रहेको कुरा विभिन्न प्रतिवेदनले औंल्याएका छन् । विद्यालय शिक्षामा वर्षेनी लगानी वृद्धि भइरहे तापनि त्यो पर्याप्त मात्रामा भएको पाइदैन । यसरी नीति निर्माण तह र कार्यन्वयन तहमा रहेको दोषलाई हटाइ स्थानीय अवस्था र उपयहरुलाई विश्लेषण गरी सरोकारवालाहरूको सहभागितामा उद्देश्य प्राप्तिमा लाग्नुपर्छ । प्राथमिक विद्यालयहरूमा विद्यार्थी संख्या घट्दै गएको तर राज्यको लगानी कुनै न कुनै रूपमा बढिरहेको छ । मुख्य रूपमा अभिभावक र विद्यार्थीहरूले अपेक्षा गरेको गुणस्तरीय पठनपाठनको अभावका कारण विद्यालय सेवा क्षेत्रका बालबालिकाहरूको भर्ना कम हुन गएको पाइन्छ । विद्यार्थी संख्या घट्नु र नतिजा सन्तोषजनक नहुनुको सम्बन्ध बढ्दो लगानीसँग कायम गर्न कठिन देखिएको छ । अधिकांश प्राथमिक विद्यालयहरूमा विद्यार्थी संख्या कम भएका कारण कतै कतै एउटा कक्षामा २/३ जना विद्यार्थीहरूलाई मात्र पनि शिक्षकहरूले पढाइ रहेको अवस्था छ । यसरी विद्यार्थीको भर्ना संख्या घट्दै जानु र भएका विद्यार्थीहरूलाई तह पूरा नगरुन्जेल टिकाइराख्नु विद्यालय व्यवस्थापन र शिक्षकहरूका लागि ठूलो चुनौति रहेको छ । प्राथमिक विद्यालयहरूमा भर्ना भएका मध्ये ठूलो संख्यामा विद्यार्थीहरूमा कक्षा दोहोऱ्याउने र कक्षा छोड्ने प्रवृत्ति रहेकोले हाल भएको लगानीको प्रभावकारितामा प्रश्न चिन्ह खडा भएको छ । यसका लागि उपलब्ध बजेटको सदुपयोगलाई सुनिश्चित गर्नु आवश्यक हुन जान्छ । विद्यालय शिक्षामा विनियोजन गरिएको बजेटको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइलाई सहयोग पुऱ्याउनु हो । त्यस्ता बजेटलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सिकाइलाई सहयोग पुऱ्याउने खालका क्रियाकलापहरू सञ्चालन गरेको हुनुपर्दछ । प्रस्तुत अध्ययनका विद्यालयहरूमा पनि उपर्यक्त समस्या तथा प्रवृतिहरू दोहोरिएको पाइन्छ । यसलाई पुनरावृत्ति हुन नदिनका लागि यहाँ उल्लिखित समस्याहरूप्रति सचेत र सजक रहँदै प्रस्तुत सुझावको कार्यान्वयनमा इमान्दारितापूर्वक लाग्नुपर्ने देखिन्छ । विद्यालय व्यवस्थापन तथा शिक्षकहरू प्रतिवद्धताका साथ लाग्न सकेमा न्यूनतम लगानीमा शैक्षिक क्षति कम गरी उच्च प्रतिफल हासिल गर्न सकिन्छ । यस्ता समस्याहरूलाई समाधान गर्नका लागि मूल रूपमा उपचारात्मक कार्यहरू, आवश्यकताहरूको सम्बोधन र सबै सरोकारवालाहरूको सहभागिता

अपरिहार्य हुन जान्छ । यसरी घट्दो विद्यार्थी संख्या र कमजोर प्रतिफल वा दक्षता बिचमा लगानी वृद्धि गरी सञ्चालन गर्दै जानु भन्दा यस्ता विद्यालयहरूलाई विद्यालय क्षेत्र सुधार कार्यक्रमको उद्देश्य, भावना र मर्म अनुरूप एकीकृत विद्यालयको संरचना अन्तर्गत कायम गरी सञ्चालन गर्न सकेमा यस्तो शैक्षिक क्षतिबाट जोगाउन तथा जोगिन सकिन्छ । अन्ततः प्रतिफल दरको दृष्टिकोणबाट शैक्षिक क्षतिलाई लगानी वृद्धि र त्यसको प्रभावकारी कार्यान्वयनसँग जोडेर हेरिनु नै बुद्धिमानी हुन जान्छ ।

## अध्ययन गरिएका सामग्रीहरू


उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, (१९९८), *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* १९९८, काठमाडौंः शिक्षा तथा खेलकुद मन्त्रालय ।

काफ्ले, वासुदेव, गौडेल शर्मा, यादव, र अधिकारी, किसानप्रसाद, (२०६४), *शिक्षाको वित्तीय शास्त्र,* काठमाडौंः सनलाइट पब्लिकेशन ।

कार्की, बद्रीबहादुर, (२०६८), *आधारभूत तहका विद्यार्थीहरूले कक्षा छोड्नुका कारणहरू* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

कोइराला, विद्यानाथ (सं.), लम्साल, हरिप्रसाद, पौडेल, आनन्द, आचार्य, सुसन, र कोइराला, चपला, (२०६८), *शिक्षाको वित्तीयशास्त्र,* काठमाडौंः सनलाइट पब्लिकेशन ।

खनाल, मुकुन्दमणि र आचार्य, सुशन, (२०६३), *शिक्षाको वित्तीय अर्थशास्त्र,* काठमाडौंः मकालु प्रकाशन गृह ।

राष्ट्रिय योजना आयोग, (१९९२), चौधौं योजना (२०१६-२०१९), काठमाडौंः लेखक ।

शिवकोटी, ध्रुबराज र पौडेल, मिनराज, (२०७३), *शिक्षाको अर्थशास्त्र,* काठमाडौंः एम.के. पब्लिसर्स एण्ड डिष्टिव्युटर्स ।

श्रेष्ठ, चन्द्रबहादुर, अधिकारी, सूर्यप्रसाद, घिमिरे, तुलसीराम, मिश्रखनाल, जिता, र लुइँटेल, खगेन्द्रप्रसाद, (२०७७), *शिक्षाको वित्तशास्त्र,* काठमाडौंः भुँडीपुराण प्रकाशन ।

Devkota, S. P. & Wagle, S. (2015 November). Primary Education and dropout in Nepal. *Journal of Education and practice,* 6(4), 153-157. ISSN 2222-1735 (Paper), ISSN 2222-288X (Online)